# गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३

(राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम स्थापना भएको)

**गैरसरकारी संस्था महासंघ नेपाल**
पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं
फोन : ४७८१३६८, ४७८२९०८, फ्याक्स : ४७८०५५९
E-mail : info@ngofederation.org,
Website : ngofederation.org

# गैरसरकारी संस्था महासंघ नेपालको
# विधान २०६३
(पहिलो संसोधन २०६९)

**प्रस्तावनाः**
राष्ट्रको सर्वाङ्गिण विकास एवं सामाजिक न्याय, समानतामा आधारित, समावेशी र लोकतान्त्रिक समाजको निर्माण गर्ने लक्ष्य बोकेर सामाजिक विकास अभियानलाई संस्थागत, सशक्त र दीगो बनाउन क्रियाशिल गैर सरकारी सामाजिक संस्थाहरुको सशक्तिकरण र संस्थागत सुदृढिकरण गर्ने उद्देश्यका साथ नाफा रहित एक मात्र साझा राष्ट्रिय छाता संगठन (National Umbrella Organization) को रुपमा यस गैर सरकारी संस्था महासंघ नेपालको स्थापना गर्ने उद्देश्यले नेपाल सरकारको स्वीकृति लिई यो विधान जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**
क) यस विधानको नाम "**गैरसरकारी संस्था महासंघ नेपालको विधान-२०६३**" हुनेछ ।
ख) गैरसरकारी संस्था महासंघ नेपाललाई छोटकरीमा गैसस महासंघ नेपाल र अंग्रेजीमा NGO Federation of Nepal छोटकरीमा (NFN) भनी लेखिनेछ ।
ग) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**
क) "गैसस" भन्नाले दफा ६ मा योग्यता पुगेका गैरसरकारी संस्थालाई बुझाउने छ ।
ख) "महासंघ" भन्नाले नेपाली गैर सरकारी संस्थाहरुको साझा राष्ट्रिय मञ्च वा छाता संगठन भन्ने बुझाउने छ ।
ग) "केन्द्रीय समिति" भन्नाले महासंघको केन्द्रीय कार्यसमिति बुझाउनेछ ।
घ) "सदस्य" भनाले महासंघको विधान अनुसारका साधारण सदस्य संस्था बुझाउनेछ र प्रतिनिधि भन्नाले सदस्य संस्थाले महासंघको निकायमा प्रतिनिधित्व गर्न पठाएको संस्थाको सदस्य बुझाउनेछ ।
ङ) "शाखा" भन्नाले ९ देखि माथि सदस्य संस्थाहरु मिलेर जिल्ला स्तरमा गठन भएको समितिलाई यस महासंघको जिल्ला शाखा भन्ने बुझाउनेछ ।
च) "जिल्ला समिति" भन्नाले जिल्ला कार्यसमितिलाई जनाउनेछ ।
छ) "केन्द्रीय कार्यसमिति" भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष लगायत केन्द्रीय सदस्यहरुको कार्यसमितिलाई बुझाउनेछ । जिल्ला तथा क्षेत्रीय कार्यसमिति भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरुको क्षेत्रीय तथा जिल्ला कार्य समितिलाई बुझाउने छ ।
ज) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपध्याक्ष, महासचिव, सचिव, सहसचिव र कोषाध्यक्षलाई बुझाउनेछ ।
झ) "सम्पर्क केन्द्र" भन्नाले ९ भन्दा कम सदस्य भएको जिल्लामा रहेको सम्पर्क सुत्रलाई बुझाउनेछ ।
ञ) "तदर्थ समिति" भन्नाले जिल्ला शाखा गठन नभएको वा जिल्लामा सम्पर्क केन्द्र मात्र रहेको अवस्थामा काम चलाउन बनेको समिति र कारणवश केन्द्रीय, क्षेत्रीय तथा जिल्ला समिति भंग भई काम चलाउन मात्र बनेको समिति भन्ने बुझाउनेछ ।
ट) "क्षेत्रीय इन्चार्ज" भन्नाले विकास क्षेत्रका आधारमा निर्वाचित केन्द्रीय सदस्यलाई बुझाउनेछ ।

**३. स्वशासित संस्था र कार्यालयको छाप :**

क) महासंघको गैरसरकारी संस्था महासंघ नेपाल र अंग्रेजीमा NGO Federation of Nepal लेखिएको आफ्नो छुट्टै छाप र दुईवटा गोलो घेराभित्र दियो बलेको पानस र सोको वरिपरी स-साना बत्ति बलेको आफ्नै चिन्ह हुनेछ ।

ख) यस संस्थाको लोगोको हकमा दुई वटा गोलो घेराभित्र बत्ती बलेको पानश र सो को वरिपरी स-साना बत्ती बलेको आफ्नै चिन्ह हुनेछ ।

ग) कार्यालयको छापको हकमा भने बीचमा गैर सरकारी संस्था महासंघ नेपाल र अंग्रेजीमा NGO Federation of Nepal लेखिएको आफ्नै लोगो अंकित गोलाकार छाप हुनेछ ।

घ) महासंघ कानुनी व्यक्ति सरह स्वशासित संस्था हुनेछ अर्थात् यसले व्यक्ति सरह सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेच विखन गर्न र मुद्दा मामिला गर्न सक्नेछ । साथै यस उपर व्यक्ति सरह मुद्दा लाग्न सक्नेछ ।

**४. कार्यालय :**

महासंघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र आवश्यकता अनुसार क्षेत्रीय, जिल्ला, स्थानीय एवं अन्य कार्यालयहरु रहन सक्नेछन् ।

## परिच्छेद-२

**५. महासंघका उद्देश्यहरु :**

क) नेपाली गैरसरकारी संस्थाहरुलाई एकताबद्ध गरी उनीहरुको हकहितका लागि क्रियाशील हुने, सामाजिक विकासको लागि गैरसरकारी क्षेत्रको संगठीत प्रतिबद्धताको अभिव्यक्ति दिने र सचेतकको भूमिका निर्वाह गर्ने ।

ख) देशमा आर्थिकरुपले स्वनिर्भर, वातावरणीय दृष्टिले चिरस्थायी तथा सामाजिक दृष्टिले जनजीवनमा सम्पूर्ण पक्षको प्रतिनिधित्व भएको सर्वसंलग्न र न्यायपूर्ण विकास प्रक्रियालाई सघाउ पुऱ्याउने तथा त्यस प्रक्रियामा गैससहरुको एकताबद्ध प्रतिबद्धता र शक्तिबाट योगदान पुऱ्याउने ।

ग) सदस्य संस्थाहरुबीच अनुभव र सीपको आदानप्रदान गर्ने, क्षमता अभिवृद्धिको लागि सहयोग गर्ने, गैससहरुको कार्य र स्रोतका लागि संसाधन बढाउने तथा सरकार र विदेशी दातृ निकायहरुलाई सुझाव दिने ।

घ) गैसस संस्कृतिको विकास गर्ने र समन्वयको आधारमा लैङ्गिक समानताको धारणा अभिवृद्धि गर्ने । शान्ति, विकास, मानव अधिकार, प्रजातन्त्र र समावेशीकरणका लागि क्रियाशिल हुने ।

ङ) राष्ट्रिय एवं अन्तरराष्ट्रिय क्षेत्रमा कार्यरत उद्देश्य तथा कार्य प्रकृति मिल्ने कार्यजालो (Network) वा प्रतिनिधिमूलक संस्था, संघ, महासंघ वा मञ्च (Forum) हरुसँग कार्यगत एकता र नेटवर्किङ्ग गर्ने ।

च) गैर सरकारी संस्थाहरुको संस्थागत क्षमता तथा दक्षता बृद्धि गराउन पहल गर्ने ।

छ) सरकारी तथा गैरसरकारी संघ संस्थाहरुका बीचमा समन्वयत्मक रुपमा काम गर्ने वातावरण श्रृजना गर्न गराउन पहल गर्ने, दबाब दिने, सहकार्य गर्ने ।

**६. सदस्यको योग्यता :** महासंघको विधान पालना गर्ने निम्न योग्यताहरु भएका गैरसरकारी संस्थाहरु यस महासंघको सदस्य हुन सक्नेछन् :

क) प्रचलित कानून अनुसार स्थापित, स्वशासित स्वयंसेवी गैर सरकारी सामाजिक संस्था ।

ख) साधारण सदस्यता खुल्ला भएका ।

ग) प्रत्यक्ष एवं लोकतान्त्रिक निर्वाचन प्रक्रियामा आधारित कार्यकारीणी समिति भएका ।

घ) संस्थागत आम्दानीलाई व्यक्तिगत प्रयोजनका लागि लाभांश वितरण नगर्ने संस्थाहरु ।

ङ) दलगत र शक्ति राजनीतिबाट मुक्त ।

च) कार्यक्रम तथा आर्थिक व्यवस्थापन पारदर्शी भएका ।

छ) विपन्न तथा पिछडिएका जनसमुदाय र समूहहरुको प्रगति, जागरण र सशक्तिकरण (Empowerment) को लागि प्रतिवद्ध संस्थाहरु ।

ज) सामाजिक संस्था व्यवस्थापन गर्ने प्रचलित कानुन अनुसार स्थापित भएपनि धार्मिक क्रियाकलाप, व्यापार व्यवसाय, खेलकुद वा मनोरञ्जन, वाचनालय वा पुस्तकालय सम्बन्धी मात्रै उद्देश्य भएका संस्थाहरु र साम्प्रदायिक वा क्षेत्रीयतावादी भावनाबाट सञ्चालित संघसंस्थाहरु तथा उपभोक्ता समितिहरु, ट्रेड यूनियनहरु वा अन्य पेशागत संगठनहरु महासंघको सदस्यको लागि योग्य मानिने छैनन् ।

## ७. सदस्यताको प्रावधान र प्रकार

### ७.१ सदस्य र सदस्यताको प्रकार :

महासंघको सदस्य हुन चाहने दफा ६ अनुसारको योग्यता पुगेका संस्थाहरुले जिल्ला शाखामा रितपूर्वक निवेदन दिनुपर्नेछ । योग्यता पुगेका संस्थाहरुलाई सदस्यता दिनका लागि जिल्ला शाखाले सिफारिशसाथ क्षेत्रीय समिति मार्फत वा सिधै केन्द्रीय समितिमा पठाउनु पर्नेछ । उक्त सिफारिश केन्द्रीय समितिबाट अनुमोदन भएपछि सदस्यता प्रदान गरिनेछ । कुनै संस्थाले केन्द्रीय समितिबाट सिधै सदस्यता प्राप्त गरेमा त्यसको जानकारी केन्द्रीय समितिले सम्बन्धित क्षेत्र र जिल्ला शाखालाई दिनुपर्नेछ ।

**महासंघका सदस्य तीन प्रकार हुनेछन् :**

**क) साधारण सदस्य (General Member) :**

दफा ६ मा उल्लेखित योग्यता पुगेका प्रक्रियागत सदस्यता लिएका मूल नेपाली गैससहरु ।

**ख) सह-सदस्य (Co-Member) :**

दफा ६ मा उल्लेखित योग्यता पुगेका नेपाली गैससका एक जिल्लामा दर्ता भई अर्को जिल्लामा शाखा तथा उपशाखाहरु सञ्चालन गरिरहेका संस्थाको शाखा तथा उपशाखाहरु ।

**ग) सहयोगी सदस्य (Affiliated Member) :**

नेपालमा प्रचलित कानुन बमोजिम स्वीकृति लिएर क्रियाशील अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुमध्ये गैसस महासंघसँग आबद्ध नेपाली गैससका सहयोगी विदेशी दातृसंस्थाहरु ।

### ७.२ सदस्यताको प्रावधान :

क) गैसस महासंघको सदस्य हुन चाहने दफा ६ अनुसारको योग्यता पुगेका गैरसरकारी संस्थाहरुले जिल्ला शाखा मार्फत केन्द्रीय समितिमा आवेदन दिनु पर्नेछ । रितपूर्वक आवेदन दिने योग्यता पुगेका संस्थालाई सदस्यता दिन उपयुक्त छ/छैन हेरी जिल्ला शाखाले महासंघले तोकेको ढाँचा अनुसार संस्थाको सम्पूर्ण विवरण साथ सिफारिश गरी आवेदन दिएको १ महिना भित्रमा अनुमोदनका लागि क्षेत्रीय समिति मार्फत वा सिधै केन्द्रीय समितिमा पठाउनु पर्नेछ । केन्द्रीय समितिबाट अनुमोदन भएको आधिकारिक जानकारी प्राप्त नभएसम्म सदस्य भएको मानिने छैन ।

ख) यदि कुनै जिल्लामा जिल्ला शाखा वा तदर्थ समिति समेत रहेको अवस्था छ भने सम्बन्धित क्षेत्रीय समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी प्राप्त निवेदनहरुलाई विधान अनुसार भए नभएको जाँचबुझ गरी क्षेत्रीय समितिले सम्पूर्ण विवरण र सिफारिस साथ अनुमोदनका लागि केन्द्रमा पठाउनु पर्नेछ ।

ग) दफा ७ को उपदफा २ को (क) र (ख) मा जे उल्लेख भएको भए पनि सम्बन्धित जिल्ला र क्षेत्रीय समितिहरु निष्कृय भएमा वा अन्य कारणले आफ्नो जिल्लामा जिल्ला शाखा भए पनि आवद्ध हुन नसकेको उपयुक्त कारण दर्शाइ कुनै संस्थाले केन्द्रीय कार्यालयमा निवेदन दिएमा केन्द्रीय समितिले जाँचबुझ गर्दा उपयुक्त ठहराइ सदस्यता प्रदान गरेमा त्यस्तो सदस्य संस्थाको

जानकारी सदस्यता प्राप्त गरेको मितिले १ महिना भित्र केन्द्रीय कार्यालयले सम्बन्धित क्षेत्र र जिल्ला शाखाहरुमा पठाउनुपर्नेछ ।

घ) कुनै सदस्य संस्थाले गैसस महासंघमा दर्ता भएको जिल्ला शाखाबाट आफ्नो कार्य क्षेत्र भएको कुनै १ जिल्लामा सदस्यता स्थानान्तरण गर्न चाहन्छ भने सम्पूर्ण वैधानिक प्रकृया पुरा गरी जान चाहेको जिल्ला शाखाको सहमति र दर्ता भएको जिल्ला शाखाको सिफारिस अनुसार केन्द्रीय समितिबाट अनुमति प्राप्त भएमा सम्बन्धित जिल्ला शाखाले सम्पूर्ण विवरण सहित औपचारिक रुपमा स्थानान्तरण गरी पठाई क्षेत्रीय एवं केन्द्रीय समितिमा बोधार्थ दिनुपर्नेछ ।

**७.३ सह-सदस्य**

सह-सदस्यको हकमा क्षेत्रीय स्तर देखि माथिका संस्थाहरुले मात्र विभिन्न जिल्लामा काम गर्ने क्रममा विधानमा उल्लेख भए अनुसार सह-सदस्य प्राप्त गर्न सक्नेछन् ।

**७.४ सहयोगी सदस्य :**

अन्तरराष्ट्रिय गैससहरु र दात्री संस्थाहरुले महासंघको सहयोगी सदस्य बन्न सक्नेछन् ।

**८. सदस्यता शुल्क :**

क) गैसस महासंघ नेपालको सदस्यताका लागि सदस्यता शुल्क तथा प्रवेश शुल्क सदस्यता लिने संस्थाको आर्थिक कारोबारको आधारमा वार्षिक लेखा परिक्षण अनुसार निम्न अनुसार व्यवस्था गरिएको छ ।

| | प्रवेश शुल्क | वार्षिक शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १. रु.५ लाखसम्म कारोबार गर्ने संस्था | रु.३०० | रु.२०० | रु.२०० |
| २. रु.२० लाखसम्म कारोबार गर्ने संस्था | रु.३०० | रु.३०० | रु.३०० |
| ३. रु.५० लाखसम्म कारोबार गर्ने संस्था | रु.३०० | रु.५०० | रु.५०० |
| ४. रु.१ करोडसम्म कारोबार गर्ने संस्था | रु.३०० | रु.१००० | रु.१००० |
| ५. रु. १ करोडभन्दा माथि कारोबार गर्ने संस्था | रु. ३०० | रु.२००० | रु.२००० |

ख) सह-सदस्यको हकमा प्रवेश शुल्क रु.३०० र वार्षिक नविकरण शुल्क रु.३०० हुनेछ ।

ग) सहयोगी सदस्यको हकमा प्रवेश शुल्क US$ ५०० र वार्षिक नविकरण शुल्क US$ ३०० हुनेछ ।

**८.१ सदस्यता कायम र नविकरण :**

क) संस्था नविकरण गरेको प्रमाण र आर्थिक तथा कार्यप्रगति प्रतिवेदन सहित सदस्य संस्थाले प्रत्येक वर्षको पौष मसान्त सम्ममा जिल्ला शाखामा नविकरण गरी/गराई सक्नुपर्नेछ ।

ख) उक्त अवधिभित्र कुनै संस्थाले नविकरण गर्न नसकेमा रु.१००।- जरिवाना तिरी सोही आर्थिक वर्षको असार मसान्तभित्र नविकरण गराउनु पर्नेछ । उक्त अवधिभित्र पनि नविकरण गराउन नसक्ने संस्थाको हकमा एक आर्थिक वर्षको रु.२००।- जरिवाना सहित बढीमा तीन आर्थिक वर्ष सम्मको चालु आ.व.को पौष मसान्त भित्र नविकरण गराउन सकिनेछ । यस अवधिमा समेत नविकरण नहुने संस्थाको सदस्यता समाप्त हुनेछ र यसरी समाप्ति भएको संस्थाले पुनः नयाँ प्रक्रिया अनुसार सदस्यता लिन सक्नेछन् । प्रत्येक जिल्ला शाखाले आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र सदस्यता नविकरण र खारेजीको अभिलेख अनिवार्य रुपमा क्षेत्रीय तथा केन्द्रीय समितिमा पठाउनु पर्नेछ । साथै तोकिएको अवधिभित्र नियमित रुपमा सदस्यता नविकरण नगराउने सदस्य संस्थालाई जिल्ला शाखाले नविकरण गराउन पहल गर्नु पर्दछ ।

ग) उप-दफा (ख) मा उल्लेख गरिएको म्यादभित्र सदस्यहरु नविकरण गर्न आउँदा जिल्ला शाखाका पदाधिकारी सदस्यहरुले आलटाल गरी वा पूर्वाग्रही भई तोकिएको म्याद नघाइदिएको भन्ने प्रमाणित भएमा त्यस्ता शाखाका पदाधिकारीहरुलाई केन्द्रीय समितिले महासंघको नियमानुसार कारवाही गर्न सक्नेछ ।

**९. सदस्यताको समाप्ती :**

देहायको अवस्थामा सदस्य गैसस महासंघमा सदस्य नरहेको मानिनेछ ।  गैससहरुको अयोग्यताको ठहर केन्द्रीय समितिले सिधै वा जिल्ला वा क्षेत्रीय समितिको सिफारिसमा केन्द्रीय समितिले गर्नेछ । तर त्यस्ता संस्थाहरुलाई सफाईको मौकाबाट भने बञ्चित गरिने छैन ।

क) दफा ६ अनुसार नभएको प्रमाणित भएमा ।

ख) सदस्य गैसस विघटित भएमा ।

ग) सदस्य गैससले आर्थिक र नैतिकस्तरमा अनियमित काम गरेको अभियोग सिद्ध भएमा ।

घ) महासंघको आचारसंहिता अनुरुप आचरण नगरेको महासंघले ठहर गरेमा ।

## परिच्छेद-३

**१०. केन्द्रीय साधारण सभा :**

क) साधारण सभा महासंघको सर्वोच्च अंग हुनेछ ।

ख) जिल्ला शाखा, तदर्थ समिति र सम्पर्क केन्द्र अन्तरगत १० सम्म सदस्य संस्था रहेमा १ जना महिला र एक जना पुरुष गरी २ जना, सो भन्दा माथि भएमा प्रत्येक थप २० सदस्य बराबर ३३% महिला अनिवार्य गरी ३ प्रतिनिधि छानिने छन् । तर कुनै शाखामा ५० भन्दा बढी सदस्यहरु भएता पनि महिला ३३ प्रतिशतमा नघटाई १० जना मात्र प्रतिनिधि पठाउन सक्नेछन् ।

ग) सहयोगी सदस्य तर यस्तो सदस्यले मतदान प्रक्रियामा भाग लिन पाउने छैन ।

घ) विशेष परिस्थिति बाहेक सामान्यतयाः प्रत्येक वर्ष केन्द्रीय कार्यसमितिद्वारा तोकिएको मिति र स्थानमा साधारण सभा सम्पन्न गर्नुपर्नेछ ।

ङ) महासंघको सचिवालयबाट वार्षिक आम्दानी खर्च, केन्द्रीय समितिको वार्षिक प्रतिवेदन समेतको छलफलको विषयसूची र सभाको कार्यक्रम खोली साधारण सभा हुने कम्तिमा ३० (तीस) दिन अघि महासंघको महासचिवले अनिवार्य रुपमा सम्पूर्ण साधारण सदस्यहरुलाई सूचना पठाउनु पर्नेछ वा सार्वजनिक रुपमा सूचित गर्नुपर्नेछ ।

च) सदस्यहरुले छलफल हुने विषय पठाउन चाहेमा जिल्ला कार्य समितिमा प्रस्तुत गर्नुपर्नेछ । यस्तो प्रस्ताव जिल्ला कार्य समितिले पारित गरेमा साधारण सभाको १५ (पन्ध्र) दिन अगावै केन्द्रीय कार्यालयमा आइपुग्नु पर्नेछ ।

**११. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

क) केन्द्रीय समितिको वार्षिक कार्य प्रतिवेदन र लेखा परीक्षणको प्रतिवेदन अनुमोदनका साथै आगामी वर्षको कार्यक्रम तथा आयव्यय पारित गर्ने ।

ख) लेखा परीक्षकको नियुक्ति वा नियुक्तिका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ग) वार्षिक सभाको लागि दफा १० (ख) मा उल्लेखित प्रक्रियामा भाग लिन पाउने सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुलाई गणपुरक संख्या मानिनेछ । पूर्व निर्धारित समयभित्र गणपुरक संख्या उपस्थित नभएमा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपुरक मानी वार्षिक साधारण सभा सञ्चालन गर्न सकिनेछ ।

घ) केन्द्रीय कार्यालयले साधारण सभा, कार्यसमिति र अन्य उप-समितिहरुको बैठकको निर्णयहरु निर्णय पुस्तिकामा लिपिबद्ध गरिनेछ र कार्य विवरणको निर्णय सम्बन्धित सदस्यहरुलाई पठाउनुपर्नेछ ।

ङ) कुनै निर्णयहरु सच्याउनु पर्ने भएमा सो प्राप्त भएको मितिले साधारण सभा भए १५ (पन्ध्र) दिनभित्र, कार्यसमिति र अन्य उपसमितिको भए ७ (सात) दिनभित्र, केन्द्रीय कार्यालयमा लिखित सूचना गर्नुपर्नेछ । तोकिएको समयभित्र कुनै सूचना प्राप्त हुन नआएमा कार्य विवरण ठीक लेखिएको मानिनेछ ।

च) महासंघको मातहतमा रहेका सबै तहमा कार्यरत पदाधिकारीहरु एवं सदस्यले महासंघका मूल्य मान्यता तथा विधान विपरित वा आचारसंहिता उल्लंघन गर्ने काम गरेको भन्ने पुष्टि भएमा निलम्बन वा निष्काशन गर्न सक्नेछ ।

## परिच्छेद-४

**१२. महाधिवेशन :**

क) यस महासंघको महाधिवेशन प्रत्येक ३ वर्षमा १ पटक हुनेछ । महाधिवेशनले दफा १० र ११ मा उल्लेख गरिए बमोजिमका कार्यका अतिरिक्त नयाँ केन्द्रीय समितिको निर्वाचन र आवश्यकता अनुसार विधानको संशोधन गर्नेछ ।

ख) महाधिवेशनमा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, प्रत्येक क्षेत्रीय समितिबाट छनौट भएका ३ जना (१ जना महिला अनिवार्य) र प्रत्येक जिल्ला शाखा, सम्पर्क केन्द्र र तदर्थ समितिबाट छनौट भएका १ जना प्रतिनिधि र सहयोगी सदस्यले प्रतिनिधित्व गर्नेछन् । तर सहयोगी सदस्यले निर्वाचनमा उम्मेदवार हुन र मत दिन पाउने छैनन् । यसरी प्रतिनिधित्व गराउँदा महिला पुरुष साझेदारी तथा समावेशी अवधारणालाई अबलम्बन गरिनेछ ।

ग) महाधिवेशनमा सदस्य संस्थाहरुबाट सहभागिता गर्न जिल्ला भेला गराई प्रत्येक ५ साधारण सदस्य संस्था बराबर १ प्रतिनिधिका हिसाबले ३३ प्रतिशत महिला (अनिवार्य) सहित समावेशीकरणको आधारमा केन्द्रले तोके बमोजिम महाधिवेशन प्रतिनिधि छनौट गरी महाधिवेशन हुनुभन्दा १५ दिन अगाडि नै केन्द्रीय कार्यालयमा आई पुग्ने गरी जिल्ला शाखाले सिफारिस साथ नामावली पठाउनु पर्नेछ । यसरी प्रतिनिधि छनौट गर्दा दलित, जनजाति, आदिवासी, लोपोन्मुख जाति, अपाङ्ग, मधेसी र भौगोलिक क्षेत्रलाई सुनिश्चित गर्नुपर्नेछ ।

घ) सामाजिक क्षेत्रमा काम गर्ने कुनै व्यक्तिले महाधिवेशनमा भाग लिने इच्छा गरेमा केन्द्रीय कार्य समितिले तोकेको प्रावधान अनुसार सबै प्रक्रिया पुरा गरी पर्यवेक्षकको रुपमा भाग लिन सक्नेछन् तर मताधिकार हुनेछैन । जिल्ला शाखाले २ जना, क्षेत्रीय समितिले ३ जनासम्म पर्यवेक्षक रितपूर्वक सिफारिस गरी पठाउन सक्नेछन् । केन्द्रीय समितिको हकमा सबै पक्षलाई मध्यनजर राखी न्यूनतम ३३ प्रतिशत महिला सहभागि हुने गरी प्रक्रिया पुऱ्याई ३० जना सम्म छनौट गर्न सक्नेछ ।

**१२.१ विशेष महाधिवेशन :**

विशेष परिस्थितिको कारण देखाई महासंघका सम्पूर्ण सदस्य संस्थाको दुई तिहाई सदस्यले रितपूर्वक लिखित रुपमा विशेष महाधिवेशन बोलाउन माग केन्द्रीय समिति समक्ष पेश गरेमा केन्द्रीय समितिले ६० दिन भित्रमा विशेष महाधिवेशन बोलाउनु पर्नेछ र सोको जानकारी महासंघका सम्पूर्ण सदस्यहरु समक्ष पुग्ने गरी क्षेत्रीय समिति तथा जिल्ला शाखा मार्फत पठाई विशेष महाधिवेशनमा भाग लिन र वैधानिक प्रक्रिया अनुसार प्रतिनिधि छनौट गर्न केन्द्रीय समितिले लिखित रुपमा ३० दिन अगाडि सूचना पठाउनु पर्नेछ ।

## परिच्छेद-५

**१३. केन्द्रिय कार्य समितिको गठन विधि :**

महासंघको केन्द्रीय कार्य समितिको गठन लोकतान्त्रिक निर्वाचन प्रक्रियाद्वारा देहायका उप-दफाहरुमा उल्लेखित प्रावधान अनुसार महाधिवेशनमा उपस्थित आधिकारिक प्रतिनिधिहरुमध्येबाट निर्वाचित हुने सिटमा महिलाहरुको प्रतिनिधित्वलाई कम्तिमा ३३ प्रतिशत बाट समानुपातिक सहभागिता तर्फ लक्षित हुने गरी (मनोनित सहित) जम्मा ३७ जनाको केन्द्रीय कार्यसमिति बन्नेछ । कार्य समितिको संरचनामा महिला, पुरुष दुबैमा समावेशीको अवधारणालाई परिपालना गर्दै दलित, जनजाति, आदिवासी, लोपोन्मुख जाति, अपाङ्ग, मधेसी र भौगोलिक क्षेत्रको अनिवार्य प्रतिनिधित्व गरिनेछ ।

**१३.१ केन्द्रीय कार्य समितिमा प्रतिनिधित्व गर्ने प्रावधानहरु :**

१. पाँचै वटा विकास क्षेत्रबाट क्षेत्रीय आधारमा निर्वाचित १/१ केन्द्रीय सदस्यहरु - ५ जना
२. केन्द्रीय स्तरमा निर्वाचित महिला मात्र- ११ जना
३. केन्द्रीय स्तरमा निर्वाचित - १५ जना
४. निवर्तमान अध्यक्ष (निवर्तमान अध्यक्ष पुनः निर्वाचित भएमा मनोनित) - सदस्य १ जना
५. केन्द्रीय कार्य समितिबाट मनोनित सदस्य - ५ जना
६. महाधिवेशनबाट निर्वाचित ३१ जनाको उपस्थितिमा केन्द्रीय समितिको प्रथम बैठक महाधिवेशन सकिनासाथ बस्नेछ र सो बैठकले महाधिवेशनद्वारा केन्द्रीय स्तरमा निर्वाचित २६ सदस्य मध्येबाट देहायमा उल्लेख गरे अनुसारको कार्य विभाजन गर्नेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | १ जना |
| ख. वरिष्ठ उपाध्यक्ष | १ जना |
| ग. उपाध्यक्ष | २ जना |
| घ. महासचिव | १ जना |
| ङ. सचिव | ३ जना |
| च. कोषाध्यक्ष | १ जना |
| छ. केन्द्रीय सदस्यहरु | १७ जना |
| ज. क्षेत्रीय आधारमा निर्वाचित केन्द्रीय सदस्यहरु | ५ जना |

७. महासंघको केन्द्रीय समितिको पदावधि ३ वर्षको हुनेछ । केन्द्रीय समितिमा पदाधिकारीहरु वैधानिक प्रक्रिया अनुसार एकै पदमा लगातार २ अवधिसम्म र सदस्यहरुको हकमा ३ अवधिसम्म पदमा वहाल रहन सक्नेछन् । तर महाधिवेशनद्वारा निर्वाचित भएका र वैधानिक प्रावधानअनुसार शुरुमा मनोनित भएको हकमा मात्र अवधिका कुरा लागु हुनेछ । कुनै विशेष कार्य सम्पन्न गर्ने उद्देश्यले बनेको तयारी वा तदर्थ समितिमा बसेको अवधिको गणना हुनेछैन ।

**१३.२ केन्द्रीय सदस्यहरुको योग्यता :**

१. प्रचलित कानुन अनुसार गैर सरकारी सामाजिक संस्थाको रुपमा दर्ता भई नियमित रुपमा तोकिएका प्रावधान पूरा गर्दै आएको सदस्य संस्थाको तर्फबाट छनौट भएको महाधिवेशन प्रतिनिधि हुनु पर्नेछ ।
२. संस्थागत विकास, सामाजिक परिचालन सम्बन्धी अनुभव र नेतृत्व क्षमता भएको हुनुपर्नेछ ।
३. सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोग र फौजदारी अभियोग सावित भई अदालतबाट दण्ड सजाय पाएको व्यक्ति सदस्यका लागि योग्य हुने छैन ।
४. महासंघको सदस्य बनेको दुई वर्ष पुगिसकेको सदस्य संस्थाको आधिकारिक प्रतिनिधि हुनुपर्नेछ । साथै महासंघको विभिन्न निकायमा क्रियाशील र सामाजिक विकास क्षेत्रमा कार्यरत हुनुपर्नेछ ।

**१४. केन्द्रीय कार्यसमितिको बैठक :**

क) केन्द्रीय कार्य समितिको पूर्ण बैठक १ वर्षमा कम्तिमा ४ पटक बस्नेछ ।

ख) समितिको बैठकको निमित्त गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

ग) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

घ) अध्यक्षले बैठकको अध्यक्षता ग्रहण गर्नेछन् । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् । उपाध्यक्ष पनि अनुपस्थित भएमा उपस्थित सदस्यहरुले छानेको सदस्यद्वारा बैठक सञ्चालन गरिनेछ ।

ङ) अध्यक्षले आवश्यकता अनुसार समितिको बैठक बोलाउने वा महासचिवलाई बोलाउन लगाउनेछन् र समितिका सदस्यहरु मध्येबाट कम्तिमा ३३ प्रतिशतले विषय खुलाई समितिको बैठक बोलाउन माग गरेमा बढीमा १५ (पन्ध्र) दिनभित्र महासचिवले बैठक बोलाउनुपर्नेछ ।

च) विना सूचना लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित रहने पदाधिकारी तथा सदस्यहरुलाई समितिबाट स्वतः हटेको जानकारी कार्य समितिको निर्णयबाट दिनसक्नेछ ।

छ) कुनै पनि केन्द्रीय पदाधिकारी एवं सदस्यहरु महासंघको काममा बाहेक १ हप्ता भन्दा बढी मूलुक बाहिर जाने भएमा कार्य समितिमा लिखित जानकारी गराउनु पर्नेछ ।

**१५. केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार :**

केन्द्रीय समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार प्राप्त हुनेछ :

क) महासंघका उद्देश्यहरु प्राप्त गर्नका लागि यस विधानको अधिनमा रही आवश्यक सबै काम गर्ने गराउने ।

ख) मातहतका कुनै पनि समितिहरुले महासंघको विधानको उद्देश्य र भावना विपरित कार्य गरेको भन्ने आधिकारिक पुष्टि भएमा त्यस्ता समितिहरुलाई निलम्बन एवं भंग गर्न सक्नेछ । साथै दैनिक कार्य सञ्चालनमा अवरोध नआवोस भन्नाको खातिर एक तदर्थ समिति गठन गर्न सक्नेछ । सोही तदर्थ समितिको पहलमा ६ महिनाभित्र अधिवेशन गरी नयाँ कार्य समितिको निर्माणका लागि सम्बन्धित क्षेत्रीय इन्चार्ज मार्फत पहल गर्नेछ ।

ग) केन्द्रीय कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी तोक्ने र छनौट प्रक्रिया अनुसार नियुक्ति गर्न सक्नेछ ।

घ) महासंघको विधानको व्याख्या गर्ने विनियम बनाउने र बाधा अड्काउ फुकाउने ।

ङ) महासंघको विधानले तोकेअनुसारको अवधिमा विशेष एवं जटिल कारणवश साधारण सभा एवं महाधिवेशन सम्पन्न हुन नसक्ने भएमा परिस्थितिको गम्भिरता हेरी कार्य समितिको बैठकमा उपस्थित मध्ये दुई तिहाइ बहुमतले निर्णय गरेमा बढीमा ११ महिनासम्म पछाडि सार्न सक्नेछ ।

च) केन्द्रीय कार्य समितिबाट गरिने कामहरुलाई व्यवस्थित र सरल ढंगले सञ्चालन गर्न सहयोग पुऱ्याउन केन्द्रिय कार्यसमितिका अध्यक्षको अध्यक्षतामा आवश्यकता अनुसार ५-७ सदस्यीय "व्यवस्थापन समिति" गठन गर्न सक्नेछ । सचिवालय व्यवस्थापन र सञ्चालनमा सहयोग गर्न व्यवस्थापन समितिको बैठकले आवश्यक निर्णय गरेर कार्य सञ्चालन गर्न सक्नेछ तर उक्त निर्णयहरु केन्द्रीय समितिको पूर्ण बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

छ) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोक्ने ।

ज) केन्द्रीय कार्य समितिको बैठकले आवश्यकता अनुसारका विभागहरु गठन गर्न र कार्य विभाजन गर्न सक्नेछ ।

झ) केन्द्रीय समितिमा आवश्यकता अनुसार सल्लाहकारहरु राख्न सक्नेछ ।

ञ) केन्द्रीय समितिले आवश्यक ठहऱ्याएमा वा समसामयिक सवालमा छलफल हुने बैठकमा विभिन्न कार्य प्रकृति मिल्दा स्वदेशी तथा विदेशी संस्थाका/महासंघका अध्यक्ष तथा विशेष प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा केन्द्रीय समितिको बैठकमा बोलाउन सक्नेछ ।

ट) अध्यक्ष, कोषाध्यक्ष, महासचिव वा बैठकले तोकेको व्यक्तिहरुको नाममा बैंक खाता खोल्ने, सञ्चालन गर्ने र वार्षिक कारोबार लेखा परिक्षण गराई वार्षिक साधारण सभामा पेश गर्ने ।

**१६. केन्द्रीय पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्ष : महासंघको उद्देश्य प्राप्तिका लागि आवश्यक नेतृत्व प्रदान गर्ने । महासंघको बैठक, भेला, साधारण सभा र महाधिवेशनको अध्यक्षता गर्ने, महासंघको प्रतिनिधित्व गर्ने, महासंघद्वारा सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन गर्ने आदि ।

ख) उपाध्यक्ष : महासंघको उद्देश्य प्राप्तिका लागि अध्यक्षको सहायकको रुपमा काम गर्ने । केन्द्रीय समितिले तोकेको अन्य कार्य गर्ने ।

ग) महासचिव : महासंघको कार्यालयलाई कुशलतापूर्वक सञ्चालन गर्नु, कार्य समितिको नीति निर्देशन र निर्णयलाई कार्यान्वयन गर्नु गराउनु । महासंघको सम्पत्ति तथा रेकर्डहरु सुरक्षित राख्नु वा राख्न लगाउनु । महासंघका आधिकारिक बैठक, भेला, साधारण सभा र अधिवेशनमा महासंघको संस्थागत प्रगति प्रतिवेदन पेश गर्ने ।

घ) सचिव : महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्य सञ्चालन गर्ने । साथै केन्द्रीय सचिवालय सञ्चालनमा महासचिवको सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने ।

ङ) कोषाध्यक्ष : कार्य समितिका प्रत्येक बैठक, साधारण सभा, महाधिवेशन र महासंघका आधिकारिक राष्ट्रिय भेलाहरुमा आर्थिक प्रतिवेदन पेश गर्ने । समितिको कोषको प्रवर्द्धन र सुरक्षा गर्नुका साथै आय व्ययको हिसाब किताब निरीक्षण र नियन्त्रण गर्ने गराउने कार्यहरु प्रति जवाफदेही बन्ने ।

**१६.१ सदस्यहरुको हकमा :**

क) केन्द्रीय कार्यसमितिले पारित गरेका कार्यक्रम तथा निर्णयअनुसार क्षेत्र तथा जिल्ला भ्रमण अनुगमन तथा मूल्यंकन गर्नुका साथै केन्द्रीय सचिवालय सञ्चालनमा सहयोग गर्ने । साथै केन्द्रीय समितिको निर्णय अनुसारको जिम्मेवारी पुरा गर्ने ।

ख) क्षेत्रीय समिति र जिल्ला शाखाहरुलाई सक्षम बनाउन आवश्यकता अनुसार सहयोग, सल्लाह र सुझाव प्रदान गर्ने ।

ग) विभागीय जिम्मेवारीअनुसार आफ्नो कामलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्ने र आ-आफूले गरेका कामको प्रगति प्रतिवेदन पेश गर्ने ।

घ) क्षेत्रीय आधारमा निर्वाचित केन्द्रीय सदस्यले क्षेत्रीय इञ्चार्जको रुपमा संयोजनकारी भूमिका निर्वाह गर्ने । क्षेत्रीय समितिहरुलाई सञ्चालन गर्न आवश्यक सहयोग, सल्लाह, सुझाव र निर्देशन प्रदान गर्ने । आफ्नो क्षेत्रका क्षेत्रीय समितिको बैठकमा उपस्थित भई सो को प्रतिवेदन केन्द्रमा पेश गर्ने साथै त्रैमासिक रुपमा जिल्ला र क्षेत्रीय प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-६

**१७. क्षेत्रीय एवं जिल्ला अधिवेशन :**

**१७.१ क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय समितिको गठन विधिः**

क) महासंघको विधान अनुसार प्रत्येक विकास क्षेत्रका जिल्ला शाखाहरुबाट छानिएका ३ जना (१ महिला अनिवार्य) प्रतिनिधिहरुको सहभागिताबाट क्षेत्रीय साधारण सभा तथा क्षेत्रीय अधिवेशन सम्पन्न गरिनेछ । साथै क्षेत्रीय समितिका पदाधिकारी तथा सदस्यहरु क्षेत्रीय साधारण सभा र क्षेत्रीय अधिवेशनमा स्वतः प्रतिनिधि हुनेछन् ।

ख) क्षेत्रीय कार्य समितिको निर्वाचन कार्य सम्पादन गर्न गराउनका लागि एक स्वतन्त्र व्यक्तिलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गरी अन्य २ जना सहयोगी सदस्यहरु उम्मेदवार नहुने

प्रतिनिधिहरु मध्येबाट छनौट गरी जम्मा ३ जनाको १ निर्वाचन समिति गठन हुनेछ र सोही समितिले महासंघको विधान अनुसार निर्वाचन कार्य सम्पन्न गराउने छ ।

ग) उप-दफा (क) अनुसार सम्पन्न हुने अधिवेशनले एक तिहाई महिला सहित समावेशीकरणको आधारमा ९ जना सदस्य प्रतिनिधि निर्वाचित गरी देहाय बमोजिमको ११ सदस्यीय क्षेत्रीय कार्य समितिको गठन गर्नेछ । जसको स्वरुप प्रथम बैठकबाट देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| सह-सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| निर्वाचित सदस्यहरु | ४ जना |
| निवर्तमान अध्यक्ष/पदेन सदस्य वा निज पुन निर्वाचित भएमा मनोनित सदस्य | १ जना |
| क्षेत्रीय समितिबाट मनोनित सदस्य | १ जना |

घ) क्षेत्रीय समितिको पदावधि ३ वर्षको हुनेछ ।

ङ) क्षेत्रीय समितिको वार्षिक साधारण सभा प्रत्येक वर्षमा एक पटक र अधिवेशन प्रत्येक ३ वर्षमा १ पटक बस्नेछ ।

च) क्षेत्रीय समिति प्रत्यक्षतः साधारण सभा, अधिवेशन केन्द्रीय समितिप्रति उत्तरदायी बन्नेछन् । क्षेत्रीय आधारमा निर्वाचित केन्द्रीय सदस्यहरु आफ्नो क्षेत्रमा पर्ने क्षेत्रीय समितिका इञ्चार्ज हुनेछन् ।

**१७.२ क्षेत्रीय समितिका सदस्यहरुको योग्यता :**

क) विधानको दफा १३(२) बमोजिम योग्यता पुगेका व्यक्तिहरु क्षेत्रीय समितिको पदाधिकारी एवं सदस्यहरुको लागि योग्य हुनेछन् ।

ख) संस्थागत विकास, सामाजिक परिचालन सम्बन्धी अनुभव र नेतृत्व क्षमता भएको हुनुपर्नेछ ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोग र फौजदारी अभियोग सावित भई अदालतबाट दण्ड सजाय पाएको व्यक्ति सदस्यका लागि योग्य हुनेछैन ।

घ) महासंघको सदस्य बनेको दुई वर्ष पुगिसकेको सदस्य संस्थाको जिल्ला शाखाका आधिकारिक प्रतिनिधि हुनु पर्नेछ ।

**१७.३ क्षेत्रीय समितिको काम, कर्तव्य र अधिकार :**

क) क्षेत्रीय स्तरमा समन्वयकर्ता, सहजकर्ता, एवं दवाब समूहको रुपमा काम गर्ने ।

ख) क्षेत्रीय स्तरमा संस्था सुदृढिकरण तथा क्षमता विकासका लागि रचनात्मक ढंगले कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने ।

ग) जिल्ला शाखाहरुको वर्षमा कम्तिमा १ पटकसम्म भ्रमण गरी समस्या र उपलब्धिहरुको पहिचान गर्नुका साथै आवश्यकता अनुसार सल्लाह सुझाव एवं सहायता प्रदान गर्ने र केन्द्रीय समितिमा प्रतिवेदन पठाउने ।

घ) केन्द्रीय स्तरमा श्रोतकेन्द्र एवं सम्पर्क सुत्रको रुपमा काम गर्ने । साथै क्षेत्रीय स्तरमा स्थापित श्रोत केन्द्र व्यवस्थापन, संरक्षण र नियमित सञ्चालन गर्ने, गराउने ।

ङ) क्षेत्रीय स्तरमा पहिचान भएका समसामयिक सवालहरुमा समन्वयत्मक रुपमा तालिम कार्यशाला, गोष्ठी, अन्तरक्रिया बैठक तथा छलफल गरी निष्कर्षहरु प्रकाशन गर्ने, गराउने ।

च) जिल्ला शाखाहरुको अनुगमन मूल्यांकन गरी आवश्यक पृष्ठ-पोषण प्रदान गर्ने ।

छ) आवश्यकता अनुसार क्षेत्रीय समितिको बैठकले विभागहरु खडा गर्ने, कार्य विभाजन गर्ने र सल्लाहकार राख्न सक्नेछ ।

ज) जिल्लाहरुबाट केन्द्रीय साधारण सभा एवं महाधिवेशनमा भाग लिने प्रतिनिधिहरु छनौट प्रक्रियामा सहजिकरण गर्ने ।

झ) क्षेत्रीय समितिको नाममा बैकिङ्ग कारोबार गर्न समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये कुनै दुईको संयुक्त दस्तखतबाट बैंक खाता खोली सञ्चालन गर्ने वा आवश्यकता अनुसार कार्य समितिको निर्णय अनुसार खाता सञ्चालन गर्नुका साथै वार्षिक आर्थिक कारोबारको लेखा परीक्षण गराई प्रतिवेदन केन्द्रीय समितिमा पठाउने ।

ञ) क्षेत्रीय समितिको बैठक वर्षमा कम्तिमा ४ पटक बस्नुपर्नेछ ।

ट) आफ्नो क्षेत्रभित्र पर्ने जिल्ला शाखा अन्तर्गत रहेका सदस्यहरुको नविकरणका लागि ताकेता गर्ने ।

ठ) केन्द्रीय साधारण सभा तथा महाधिवेशनमा महासचिवद्वारा पेश गरिने प्रगति प्रतिवेदनमा आफ्नो क्षेत्रको कार्य प्रगति प्रतिवेदनलाई समावेश गराउन १ महिना अगाडि नै केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

ड) क्षेत्रीय प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य क्षेत्रीय समतिका इञ्चार्ज हुने भएकोले निजसँग प्रत्यक्षरुपमा परामर्श गरी कार्य सञ्चालन गर्ने, गराउने ।

ढ) प्रत्येक बैठकको निर्णय र प्रगति प्रतिवेदन ४/४ महिनामा अनिवार्य रुपमा केन्द्रमा पठाउनु पर्नेछ ।

ण) क्षेत्रीय स्तरमा कार्यरत गैसस, अन्तरराष्ट्रिय गैसस, दातृ समुदाय र सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध विस्तार गर्नुका साथै साझेदारी बढाउने र नेटवर्किङ्ग गर्ने ।

**१७.४ क्षेत्रीय पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्ष : महासंघको उद्देश्य प्राप्तिका लागि क्षेत्रीय स्तरमा आवश्यक नेतृत्व प्रदान गर्ने । समितिको बैठक, भेला, वार्षिक साधारण सभा र अधिवेशनको अध्यक्षता गर्ने । महासंघद्वारा सञ्चालित सबै कार्यको अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने र निर्णायक भूमिका खेल्ने ।

ख) उपाध्यक्ष : महासंघको उद्देश्य प्राप्तिका लागि अध्यक्षको सहायकको रुपमा काम गर्ने । अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

ग) सचिव : क्षेत्रीय सचिवालय सञ्चालनमा आवश्यक रेखदेख, तथा व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने । सबै क्षेत्रीय सदस्यहरुको सहयोगमा जिल्ला शाखाहरुको अनुगमन गरी अभिलेख राख्नुका साथै अन्य सूचनाहरु अद्यावधिक गर्ने ।

घ) सहसचिव : सचिवको अनुपस्थितिमा सचिचले गर्ने सम्पूर्ण कार्य सञ्चालन गर्ने । साथै क्षेत्रीय सचिवालय सञ्चालनमा सचिवको सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने ।

ङ) कोषाध्यक्ष : महासंघको क्षेत्रीय समितिको कोष अभिवृद्धि, प्रवर्द्धन र सुरक्षा गर्नुका साथै आय व्ययको हिसाब किताब नियमित निरीक्षण र नियन्त्रण गर्नु गराउनु । कार्य समितिका प्रत्येक बैठक, साधारण सभा र महासंघद्वारा क्षेत्रीय स्तरमा सञ्चालित आधिकारिक क्षेत्रीय भेलाहरुमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

च) सदस्य : क्षेत्रीय समितिमा रहेर विधानतः गर्नुपर्ने काम गर्ने । कार्य समितिले तोकेको अन्य विभागीय जिम्मेवारी पूरा गर्ने ।

**१८. जिल्ला अधिवेशन तथा शाखाको गठन :**

**१८.१ जिल्ला शाखाको गठन विधि :**

क) कुनै जिल्लामा महासंघका सदस्यहरुको संख्या ९ वा त्यो भन्दा बढी भएमा केन्द्रीय समितिको स्वीकृतिमा जिल्ला शाखा गठन गर्न सकिनेछ ।

ख) हरेक जिल्ला शाखाको एक जिल्ला अधिवेशन हुनेछ । गैसस महासंघका त्यस जिल्लाका सम्पूर्ण साधारण सदस्य संस्थाका एकजना महिला, एक जना पुरुष गरी दुई जना सहभागीहरु जिल्ला अधिवेशनका प्रतिनिधि हुनेछन् । जिल्ला अधिवेशनले जिल्ला समितिको निर्वाचन गर्नेछ ।

ग) जिल्ला कार्य समितिको निर्वाचन कार्य सम्पादन गर्न गराउनका लागि एक स्वतन्त्र व्यक्तिलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गरी अन्य २ जना सहयोगी सदस्यहरु उम्मेदवार नहुने प्रतिनिधिहरु मध्येबाट छनौट गरी जम्मा ३ जनाको १ निर्वाचन समिति गठन हुनेछ र सोही समितिले महासंघको विधान अनुसार निर्वाचन कार्य सम्पन्न गराउनेछ ।

घ) उप दफा (ग) अनुसार सम्पन्न हुने अधिवेशनले एक तिहाई महिला सहित विभिन्न रुपमा पछाडि पारिएका वर्ग, समुदाय, क्षेत्र र जातजाति समेत प्रतिनिधित्व हुने गरी ११-१३ जना सदस्य निर्वाचित गरी देहाय बमोजिम पहिलो बैठकबाट कार्य विभाजन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| सह-सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| निर्वाचित सदस्यहरु | ४-६ जना |
| निवर्तमान अध्यक्ष/पदेन सदस्य वा निज पुन निर्वाचित भएमा मनोनित सदस्य | १ जना |
| जिल्ला कार्य समितिबाट मनोनित सदस्य | १ जना |

ङ) जिल्ला शाखाको अलग सदस्यता हुनेछैन । महासंघका सदस्य संस्थाहरु नै स्वतः सम्बन्धित जिल्ला सभाका सदस्य हुनेछन् ।

च) जिल्ला शाखाको वार्षिक साधारण सभा प्रत्येक वर्षमा १ पटक हुनेछ । प्रत्येक ३ वर्षमा जिल्ला अधिवेशन गरी नयाँ कार्यसमिति निर्वाचन गर्नेछ । निर्वाचित कार्य समितिको अवधि ३ वर्षको हुनेछ ।

छ) साधारण सभा एवं जिल्ला अधिवेशन हुँदा क्षेत्रीय तथा केन्द्रीय समितिलाई कम्तिमा १५ दिन अगाडि लिखित जानकारी गराउनु पर्नेछ ।

**१८.२ जिल्ला कार्य समितिका सदस्यहरुको योग्यता :**

क) प्रचलित कानुन अनुसार गैर सरकारी सामाजिक संस्थाको रुपमा दर्ता भई नियमित रुपमा तोकिएका प्रावधान पूरा गर्दै आएको सदस्य संस्थाको तर्फबाट छनौट भएको जिल्ला अधिवेशनको प्रतिनिधि हुनु पर्नेछ ।

ख) संस्थागत विकास, सामाजिक परिचालन सम्बन्धी अनुभव र नेतृत्व क्षमता भएको हुनुपर्नेछ ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोग र फौजदारी अभियोग सावित भई अदालतबाट दण्ड सजाय पाएको व्यक्ति सदस्यताका लागि योग्य हुने छैन ।

**१९. जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार :**

क) स्थानीय तहमा दबाब समूह एवं सचेतकको रुपमा काम गर्ने ।

ख) सरकारी तथा विकाससँग सम्बन्धित निकायहरुसँग सम्पर्क तथा समन्वय गर्ने ।

ग) जिल्ला कार्य समितिको बैठकले केन्द्रीय समिति तथा क्षेत्रीय समितिमा गठन गरिएका जस्तै विभागहरुको गठन र कार्य विभाजन गर्न सक्नेछ साथै आवश्यकता अनुसार ३ देखि ५ जना सम्मको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

घ) आवश्यकता अनुसार जिल्ला स्तरमा महासंघको प्रतिनिधित्व गर्ने ।

ङ) जिल्ला शाखाको आम्दानी र खर्चको लेखा परीक्षण गराई सम्पूर्ण विवरण साधारण सभा वा अधिवेशनबाट पारित गराई सो को प्रतिवेदन क्षेत्रीय समिति र केन्द्रमा पठाउने । साथै अभिलेख अध्यावधिक गर्ने र कार्यालय व्यवस्थापन गर्ने ।

च) क्षेत्रीय समितिका प्रतिनिधिको परामर्श वा केन्द्रीय निर्देशन अनुसार साधारण सभा र महाधिवेशनका लागि विधान अनुसार प्रतिनिधि छनौट गरी पठाउने ।

छ) केन्द्रीय साधारण सभा, महाधिवेशन र क्षेत्रीय अधिवेशनमा आफ्नो जिल्लाको वार्षिक कार्य प्रगति विवरण १ महिना अगाडि नै केन्द्र र क्षेत्रमा पठाउने ।

ज) प्रत्येक जिल्ला शाखाले अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गरी आर्थिक कारोबार गर्नु पर्नेछ वा कार्य समितिको निर्णय अनुसार हुनेछ ।

झ) महासंघको विधान अनुसार योग्यता पुगेका नेपाली गैससहरुले सदस्यताको लागि निवेदन दिएमा जिल्ला शाखाले ठीक भए नभएको जाँचगरी योग्य संस्थाहरुको सम्पूर्ण विवरण र तोकिएको शुल्क सहित केन्द्रीय समितिमा सिफारिस गरी पठाउनु पर्नेछ । यसरी पठाइएका संस्थाहरुको केन्द्रीय समितिबाट अनुमोदन भएको जानकारी प्राप्त भएपछि सदस्यता प्रमाण पत्र दिन सक्नेछन् ।

ञ) जिल्ला शाखाले सदस्यता वितरण गर्दा प्राप्त हुने प्रवेश शुल्क वापतको रकम मध्येबाट ५० प्रतिशत र बार्षिक नविकरण वा सदस्यता शुल्क मध्येबाट ५० प्रतिशत रकम जिल्ला शाखाको कोषमा राखी निर्णय अनुसार खर्च गर्न सक्नेछन् साथै प्रवेश र सदस्यता शुल्को २५ प्रतिशत क्षेत्रीय समितिलाई र दुवैको २५ प्रतिशत बाँकी शुल्क केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

## २०. जिल्ला समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

### २०.१ जिल्ला समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

क) अध्यक्ष : जिल्ला सभाको अध्यक्षता गर्ने । जिल्ला समितिको बैठक बोलाउने तथा अध्यक्षता गर्ने । महासंघको उद्देश्य पुर्तिका लागि जिल्लास्तरमा गर्नुपर्ने कार्यको नेतृत्व प्रदान गर्ने ।

ख) उपाध्यक्ष : अध्यक्षको सहायकको रुपमा काम गर्ने र अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कामहरु गर्ने ।

ग) सचिव : महासंघको जिल्ला कार्यालय कुशलतापूर्वक सञ्चालन गर्ने, कार्यसमितिको नीति निर्देशन र कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने । समितिको सम्पत्ति र रेकर्डहरु सुरक्षित राख्ने ।

घ) सह-सचिव : सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्य सञ्चालन गर्ने । साथै जिल्ला सचिवालय सञ्चालनमा सचिवको रुपमा भूमिका निर्वाह गर्ने ।

ङ) कोषाध्यक्ष : जिल्ला समितिको कोषको सुरक्षा र प्रवर्द्धन गर्नुका साथै आय व्ययको हिसाब किताब राख्ने ।

च) सदस्यहरु : जिल्ला शाखाको उद्देश्य प्राप्तिको लागि क्रियाशिल हुने । शाखाले तोकेको अन्य विभागीय जिम्मेवारी पूरा गर्ने ।

### २०.२ जिल्ला समितिको बैठक :

क) जिल्ला समितिको बैठक प्रत्येक २ महिनामा १ पटक बस्नुपर्नेछ ।

ख) जिल्ला समिति प्रत्यक्षतः साधारण सभा, जिल्ला अधिवेशन, क्षेत्रीय समिति र केन्द्रीय समितिप्रति उत्तरदायी रहनेछ । जिल्ला समितिका सदस्य तथा पदाधिकारीहरु जिल्ला समितिप्रति उत्तरदायी हुनेछन् ।

ग) प्रत्येक बैठकको निर्णयहरु र प्रगति प्रतिवेदनहरु २/२ महिनजामा क्षेत्रीय एवं केन्द्रीय समितिमा पठाउनु पर्नेछ । साथै वार्षिक प्रतिवेदन समेत तयार गरी जिल्ला साधारण सभा र अधिवेशन पश्चात माथिल्ला समितिहरुमा पठाउनु पर्नेछ ।

घ) समितिका सदस्यहरुबाट कम्तिमा ३३ प्रतिशतले विषय खुलाई अध्यक्ष समक्ष समितिको बैठक बोलाउन माग गरेमा १५ दिन भित्रमा सचिवले बैठक बोलाउनु पर्नेछ ।

**२०.३ जिल्ला सम्पर्क केन्द्रको गठन :**

क) कुनै जिल्लामा केन्द्रीय समिति मार्फत सदस्यता प्राप्त गरेका संस्थाहरु १ देखि ८ सम्म भएमा सम्पर्क केन्द्रको स्थापना वा तदर्थ समितिको गठन हुनेछ ।

ख) सम्पर्क केन्द्र स्थापना भएको १ वर्ष भित्रमा सदस्य संख्या वृद्धि गरी, गराई विधान अनुसार जिल्ला शाखा गठन गर्नुपर्नेछ ।

ग) सम्पर्क केन्द्रहरुले नियमित रुपमा सम्बन्धित क्षेत्रीय एवं केन्द्रीय समितिसँग सम्पर्क समन्वय गर्ने र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) सम्पर्क केन्द्रमात्र रहेका जिल्लाका सदस्य संस्थाहरुको भेलाद्वारा उपस्थित मध्येबाट संयोजक-१, ३३ प्रतिशत महिला सहित जम्मा ३ जनाको जिल्ला सम्पर्क समितिको छनौट गरी क्षेत्रीय एवं केन्द्रीय समितिमा पठाउनुपर्नेछ ।

ङ) विधान अनुसार सदस्यता वितरण गर्दा प्राप्त हुने शुल्कको ५० प्रतिशत रकम महासंघको विकास एवं व्यवस्थापकीय प्रयोजनका निमित्त मात्र खर्च गर्न सक्नेछन् । बाँकी रकम दफा १८ को उपदफा (ञ) बमोजिम हुनेछ ।

च) सम्पर्क केन्द्रको बैठक २/२ महिनामा बसी त्यसको विवरण केन्द्रीय एवं क्षेत्रीय समितिमा पठाउनु पर्नेछ ।

## परिच्छेद-७

**२१. महासंघको सम्पत्ति :**

क) महासंघ सदस्यहरुबाट प्राप्त हुने प्रवेश र वार्षिक शुल्कमा चन्दा, अन्तरराष्ट्रिय संघसंस्थाहरु वा व्यक्तिहरुबाट प्राप्त अनुदान तथा उपहार चल, अचल, नगदी, जिन्सी आदि महासंघको सम्पत्ति हुनेछन् । तर विदेशी संघसंस्थाहरु वा व्यक्तिहरुबाट अनुदान तथा उपहार लिंदा प्रचलित कानुन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्दछ ।

ख) महासंघको आर्थिक कारोबार बैंक खातामार्फत हुनेछ, जसको सञ्चालन कार्य समितिले तोकेको प्रावधान अनुसार हुनेछ ।

ग) महासंघले प्रचलित नियमको दायराभित्र रही आवश्यकता अनुसार संस्थाको नाममा चल अचल सम्पत्ति खरिद विक्री गर्न सक्नेछ ।

**२२. हिसाब किताब :**

क) कार्य समितिले आय व्यय, चलअचल सम्पत्तिको विवरण रितपूर्वकको ढाँचामा खुलस्त राख्नुपर्नेछ ।

ख) वासलात : आर्थिक वर्ष पुरा भएको ५ महिना भित्र लेखा परीक्षण गराई सक्नुपर्नेछ ।

ग) लेखा परीक्षण : वार्षिक साधारण सभाले नियुक्त गरेको लेखा परीक्षक, लेखा परीक्षण गराउन तोकिएको समयमा उपस्थित नभएमा कार्य समितिले अर्को मान्यता प्राप्त लेखा परीक्षक नियुक्ति गर्न सक्नेछ ।

**२३. केन्द्रीय समितिको निर्वाचन सम्बन्धी व्यवस्था :**

क) केन्द्रीय समितिको निर्वाचन सम्बन्धी कार्य सम्पादनका लागि केन्द्रीय समितिले महाधिवेशन हुनुभन्दा कम्तिमा १ हप्ता अगाडि सक्षम कानुनविद वा व्यवसायीहरु मध्येबाट एक निर्वाचन अधिकृतको नियुक्ति गर्नेछ ।

ख) नियुक्त निर्वाचन अधिकृतले केन्द्रीय समितिको सिफारिसमा महाधिवेशनमा उपस्थित भएका उमेदवारी नदिने प्रतिनिधिहरुबाट आवश्यक सहयोग लिनका लागि ३ देखि ५ जनासम्म छनौट गरी निर्वाचन अधिकृतको अध्यक्षतामा एक निर्वाचन समिति गठन गर्न सक्नेछ ।

ग) निर्वाचन समितिले निर्वाचन प्रक्रिया, नियमहरु तथा समयतालिका महाधिवेशन स्थलमा प्रकाशित गर्नेछ ।

घ) केन्द्रीय समितिमा उमेद्वारी दिन चाहने प्रत्याशीहरुले निर्वाचन समितिले तोके अनुसार महाधिवेशन निर्वाचन स्थलमा निर्वाचन समिति समक्ष स्वयं उपस्थित भई मनोनयन पत्र दाखिला गर्नुपर्नेछ ।

ङ) निर्वाचन सम्बन्धी अन्य कार्यविधि निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

**२४. रिक्त स्थान पूर्ति :**

क) कार्य समितिको सदस्यहरुको स्थान कुनै कारणले रिक्त भएमा कार्य समितिले सो रिक्त स्थानको पूर्ति साधारण सदस्यबाट गर्न सक्नेछ । त्यसरी पूर्ति गरेको सदस्यको पदावधि जुन रिक्त स्थानमा पूर्ति गरेको हो, त्यसको शेष समय सम्म मात्र हुनेछ तर यसरी कार्य समितिले रिक्त पदमा मनोनयन गरेको सदस्य कार्य समितिको पदाधिकारी पदको लागि भने उमेद्वारी हुन पाउने छैन ।

ख) कुनै पदाधिकारीको स्थान अस्थाई रुपमा रिक्त भएमा कार्य समितिले अस्थाई रुपमा पूर्ति गर्न सक्नेछ ।

**२५. महासंघका निकायहरुमा प्रतिनिधित्व गर्ने व्यक्तिको अयोग्यता :**

क) महासंघका कुनैपनि तहका समितिका पदाधिकारी वा सदस्यहरुमध्ये कुनै व्यक्ति कुनैपनि राजनीतिक पार्टीका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरका प्रमुख पदहरुमा रहेमा, गा.वि.स., नगरपालिका, जि.वि.स. का प्रमुख/उपप्रमुख पदहरुमा र संसद सदस्यमा निर्वाचित भएमा वा राजनीतिक नियुक्ति पाएमा, लामो समयका लागि विदेश गएमा वा अन्य अन्तरराष्ट्रिय संस्थाहरुको नियमित तलबी कर्मचारी भएमा सरकारी कार्यालय र सरकारी स्वामित्वको संस्थानको तलबी कर्मचारी भएमा त्यस्ता व्यक्ति रहेको पद स्वतः रिक्त भएको मानिनेछ तर सल्लाहकार, परामर्शदाता वा सहजकर्ता भई सामाजिक विकासको क्षेत्रमा नियुक्त भएमा अयोग्यता मानिने छैन ।

ख) नेपाली नागरिक नभएमा ।

ग) मगज बिग्रेको भएमा ।

घ) महासंघको सदस्यता प्राप्त गरेको २ वर्ष नभएको संस्थाको प्रतिनिधि निर्वाचित भएको प्रमाणित भएमा । तर यो प्रावधान जिल्ला समिति, जिल्ला तदर्थ समिति तथा जिल्ला सम्पर्क केन्द्रहरुको हकमा भने लागु हुनेछैन ।

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको अपराधमा अदालतबाट दण्ड सजाय पाएको भएमा ।

**२६. अविश्वासको प्रस्ताव :**

क) कार्यसमितिको कुनै पदाधिकारी वा सदस्यको वा कार्यसमितिको विरुद्ध कुल मतदाता सदस्यहरुको ३३ प्रतिशत सदस्यहरुबाट कारण खुलाई अविश्वासको प्रस्ताव दर्ता हुन आएमा केन्द्रीय समितिले दफा १२ (ग) अनुसार विशेष महाधिवेशन बोलाई सो अविश्वासको प्रस्ताव पेश गर्नेछ ।

ख) जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिले विशेष महाधिवेशनमा आफ्नो स्पष्टिकरण र सफाई पेश गर्न पाउनेछ ।

ग) अविश्वासको प्रस्ताव उपस्थित सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले पारित गर्नेछ ।

## परिच्छेद-८

**२७. विधान संशोधन :**

क) महासंघको विधान संशोधन गर्नुपर्ने आवश्यकता महसुश भएमा जिल्ला, क्षेत्रीय एवं राष्ट्रिय भेलाबाट प्रस्ताव मस्यौदा तयार गरी साधारण सभामा पेश गर्दा दुई तिहाई बहुमतबाट पारित भई नेपाल सरकारको स्वीकृति लिई लागु गरिनेछ ।

ख) केन्द्रीय समितिमा जिल्ला एवं क्षेत्रबाट प्राप्त भएको संशोधन प्रस्तावहरु तथा केन्द्रीय समितिका तर्फबाट राखिने संशोधन प्रस्तावहरु समेत समावेश गरी आफ्नो रायसहित जिल्ला समितिहरुलाई साधारणसभाको २ महिना अगावै केन्द्रीय समितिले संयोजन गरी पुनः छलफलको लागि मातहतको समितिमा पठाउनु पर्नेछ र जिल्ला शाखा र क्षेत्रीय समितिले पनि संस्थागत रुपमा छलफल र निर्णय गरी साधारणसभा हुनु भन्दा १ महिना पहिले नै केन्द्रीय समितिमा पुग्ने गरी पठाउनु पर्नेछ । अन्यथा प्रस्तावको रुपमा समावेश हुनेछैन ।

**२८. नियम बनाउने अधिकार :**

यस विधानको परिधि भित्र रही केन्द्रीय कार्य समितिले महासंघका विभिन्न तहका समितिहरु गठन, पुनर्गठन, विघटन, कर्मचारी सेवा, अन्य आवश्यक नियम र उप-नियमहरु बनाउन, लागू गर्न, संशोधन गर्न र खारेज गर्न सक्नेछ । यस्तो नियम, उपनियम बनाई लागु भएको प्रावधान आगामी साधारण सभाबाट अनुमोदन नभएमा वा संशोधन भएमा त्यस भन्दा अघि गरेका काम कारवाही वदर हुने छैनन् ।

**२९. महासंघको विघटन :**

महासंघको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण बस महासंघ विघटन भएको घोषणा गरेमा महासंघका सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

**३०. उत्तरदायित्व :**

कार्यसमितिका सदस्य एवं पदाधिकारीहरु र कर्मचारीहरुले समितिको कामकाज गर्दा असल नियतले गरेको काम कारवाहीमा कुनै हानी नोक्सानी हुन गएमा व्यक्तिगत रुपले जवाफदेही हुनुपर्नेछैन ।

**३१. बचाऊ :**

क) यो विधान स्वीकृत भएपछि विधानमा उल्लेखित प्रक्रिया अनुसार नयाँ कार्य समितिको निर्वाचन नहुँदासम्म विधान स्वीकृत गर्दा तत्काल कायम रहेको विधान अनुसार कार्यसमितिले कार्य समितिको काम, कर्तव्य र अधिकारको प्रयोग गर्नेछ ।

ख) यस विधानमा उल्लेख भएका वा नभएका सवालमा कुनै विवाद सिर्जना भएको हकमा कार्यसमितिको दुई तिहाई बहुमतको निर्णयबाट बाधा अड्काउ फुकाउने, विधानको व्याख्या गर्ने र कार्यान्वयन गर्ने/गराउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ ।

**३२. आचार संहिता :**

गैसस महासंघका सदस्य संस्थाहरु, पदाधिकारी एवं सदस्यहरुले गैसस आचार संहिता २०५९ पालना गर्नुपर्नेछ ।

**३३. अविछिन्न उत्तराधिकार :**

यो विधान लागु हुनु पूर्व भए गरिएका सम्पूर्ण काम यसै विधान अनुसार भए गरेको मानिने छ । साथै यो महासंघ २०४८ सालमा स्थापना भएको गैसस महासंघ नेपालको अविछिन्न उत्तराधिकार निरन्तरता हुनेछ ।